बौद्ध मासिक

# धर्म चक्षु



श्रीनगर डाँडामा निर्मित पारिलेयक वनको बुद्ध मन्दिर

# DHARMA CHAKSHU

मूल्य रु. १५/-

अहिंसा पर्व विजया दशमीको उपलक्ष्यमा

# सम्पूर्ण नेपालीहरूलाई

शान्तिका अग्रदूत भगवान बुद्धको

स्मरण गर्न र हातहतियार त्यागेर वास्तविक विजयी

भएका सम्राट अशोकलाई सम्झेर

**शान्ति स्थापना गर्न सफल होस्**

**यहि कामना गर्दछौं ।**

**कृष्ण बहादुर गुरुङ्ग**

सभापति

**विश्वशान्ति स्तूप समिति परिवार**

अनदु, कास्की पोखरा

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal
**September: 2003**
धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ७, अङ्क ४, पूर्णाङ्क - २८
भदौं-असोज, २०६०

**प्रकाशक / प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द, फोन नं :- ५२०५१७

**सम्पादक**
तिलकमान गुभाजू

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताड्वे, बलराम लामा)

**काठमाडौं प्रतिनिधि**
सविता धाख्वा

**सहयोगीहरु**
याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं. :- ५२०२४६

**कम्प्युटर सेटिङ्ग**
अनुप बज्राचार्य र आलोक

**मुद्रण**
हिमालयन अफसेट प्रेस, नयाँ बजार


सम्पादकीय.......................................

## शान्तिको लागि बुद्धको शिक्षा उपयुक्त

शान्तिका अग्रदूत भगवान बुद्धको देश नेपालमा विगत आठ वर्षदेखि हत्या, हिंसा र आतङ्क बढ्दै गएकोमा शान्तिकामी सबै मानिसहरु खिन्न र दुखित भएका छन् । कम से कम बुद्धको देशमा यस्तो नहुनु पर्ने भन्ने उनीहरुको भनाई महत्वपूर्ण र समसामयिक छ । तर किन यस्तो भयो भनेर के हामीले गम्भीरतापूर्वक सोचेका छौं ?

बुद्धको देशमा बुद्धको शिक्षा, सिद्धान्त र आदर्श सुन्ने, पढ्ने र अध्ययन गर्ने कुनै व्यवस्था छैन । बरु तिनीहरुलाई सकेसम्म ओझेलमा पार्ने प्रयास गरिएको छ । उनको धर्मलाई पनि दोश्रो दर्जाको रुपमा राख्ने प्रयास गरिएको छ । यत्तिसम्म कि इश्वर नमान्ने र इश्वरको अस्तित्व समेत स्वीकार नगर्ने बुद्धलाई पनि इश्वरको नवौं अवतार भनेर अनर्गल प्रचार गर्ने गरिएको छ । यस्तो असत्य र झुठको खेती गर्ने ठाउँमा सत्य र शान्तिको दर्शन नै कसरी होला ?

बुद्धधर्मले वर्जित गरेको प्राणी हिंसालाई यहाँ सहज र स्वाभाविक रुपले लिने गरिएको छ । पशु पंक्षीको बली दिनु त झन् पुण्य कार्य मानिन्छ । त्यस्तो बेलामा रगत देख्नु र हेर्नु पनि सामान्य नै भएको छ । रगत, चाहे त्यो पशु पंक्षीको होस् कि मानिसको, त्यसको रंगमा तात्विक अन्तर छैन । रगत देख्ने बानी परेकोले नै होला, आज मान्छेको रगत देख्दा र मान्छेले मान्छे मारेको सुन्दा पनि त्यत्ति संवेग उत्पन्न हुदैन । हाम्रो मन कठोर हुदैछ । पाषाणमा परिणत हुँदैछ ।

त्यसकारण हामीले साँच्चै नै स्थायी शान्ति चाहने हो भने हाम्रो संस्कृतिमा पनि परिवर्तन हुनु पर्दछ । साहित्यमा सुधार गर्नु पर्दछ र मूल्य र मान्यताको पुनर्मूल्यांकन गर्नु पर्दछ । शान्तिको लागि हत्या, हिंसा र आतङ्क बन्द गर्नु पर्ने सबैलाई थाहा छ । त्यो बन्द गर्नका लागि अहिंसाको शिक्षा फैलाउनु पर्दछ । सह-अस्तित्वको भावना बढाउनु पर्दछ र मानवीय महत्व र संवेदनशीलता जगाउनु पर्दछ । त्यसको लागि बुद्धधर्म ज्यादै उपयुक्त माध्यम हुनसक्छ । त्यसकारण हामीले बुद्धधर्मको शिक्षा, सिद्धान्त, आदर्शलाई प्राथमिकता दिएर अपनाउन सक्नु पर्दछ र प्रचार प्रसार गर्नु पर्दछ ।

**बौद्ध दृष्टिमा विजया दशमी**
**अहिंसा पर्व हो**

अहिंसा पर्व विजया दशमीको
शुभ-उपलक्ष्यमा सम्पूर्ण नेपालीको
सुख, शान्ति र सम्बृद्धिका लागि

हार्दिक मंगलमय
**शुभ-कामना**

**ताङ्वे निर्माण सेवा**
फिर्के, पोखरा
फोनः ५२८००९

अहिंसाका पूजारी तथा
शान्तिका अग्रदूत
भगवान बुद्धलाई स्मरण गर्न,
हातहतियार त्यागेर वास्तविक विजयी
भएका सम्राट अशोकलाई सम्झन
आग्रह गर्दै सम्पूर्ण नेपालीलाई
**अहिंसा पर्व**
**विजया दशमीको**
शुभ-उपलक्ष्यमा
सुख, शान्ति र सम्वृद्धिका लागि
**हार्दिक मङ्गलमय शुभकामना**

**कृष्णमान विशालमान बज्राचार्य**
मोहरियाटोल, पोखरा
फोनः ५२०७२१

**शुभ विजया दशमी**
**२०६० को**
**शुभ उपलक्ष्यमा**
सम्पूर्ण नेपालीहरूको सुख, शान्ति र सम्बृद्धिको लागि
**हार्दिक मंगलमय**
**शुभकामना**

हर्क बहादुर गुरुङ्ग
नगर प्रमुख
**पोखरा उप महानगर पालिका**
पोखरा

# उत्थानको लागि बुद्धधर्म

❒ प्रा. डा. गणेशवहादुर माली

बुद्धधर्म वहुजनको हितको लागि वहुजनको सुखको लागि समर्पित धर्म हो । भगवान वुद्धको आह्वान छ: "चरथ भिक्खवे चारिकं, वहुजनहिताय वहुजनसुखाय, लोकानुकम्पाय, अत्थाय हिताय सुखाय देवमनुस्सानं," अर्थात "भिक्षुहरु हो ! लोकमाथि अनुकम्पा गरी देव मनुष्यहरुको अर्थ, हित र सुखको लागि, वहुजनको हित र सुखको लागि चारैतिर विचरण गर" । यो आव्हान भिक्षुहरुलाई मात्र नभै समस्त बौद्धहरुलाई नै हो, अझ समस्त प्राणीहरुलाई नै हो । त्यसकारण जहाँ दुःख छ, अशान्ति छ, त्यहाँ बौद्धहरुको दायित्व छ, कर्तव्य छ । अशान्तिलाई हटाई सुख र शान्ति ल्याउन भरमग्दूर प्रयत्न गर्नु समस्त मानव मात्रको कर्तव्य हो ।

विडम्वना के छ भने, आज हाम्रो देशमा हाम्रो समाजमा एकातिर राजनैतिक दलहरु आदर्श समाज स्थापनाको नारा दिइरहेका छन्, अर्कोतिर धर्महरु मनुष्यलाईमात्र स्वर्ग र मुक्तिको प्रलोभन दिदैछन्, तर यथार्थमा हाम्रा समाजका अधिकांश जनता झन् झन् दुःख र अशान्तिको ज्वालामा भस्म हुँदैछन्, धर्मकर्म पनि धौ धौ परिरहेको छ , असुरक्षा, रोग, भोक, अशिक्षाको अन्धकारमा पिल्सिदै छन्, शोषण, विसमता र दमनको भुमरीमा परिरहेका छन् ।

वुद्धधर्म हेतुवादमा आधारित धर्म हो । आयुष्मान अश्वजितले सारीपुत्रलाई भगवान बुद्धको वाद बारे छोटकरीमा परिचय दिदै भनेका थिए: "ये धम्मा हेतुप्पभवा, हेतु तेसां तथागतो आह, तेसं च यो निरोधो एववादी महासमनो" अर्थात "हेतु (कारण) बाट उत्पन्न जति पनि धर्म (दुख, अशान्ति आदि) छन्, तिनीहरुको हेतु (समुदय) तथागत भन्नुहुन्छ, तिनीहरुको जो निरोध (रोकथाम) हो, त्यो पनि भन्नुहुन्छ- महाश्रमण (तथागत जस्तो) यस्तो वादी हुनुहुन्छ ।

समाजमा दुःख अशान्ति छ त कुनै अलौकिक शक्तिको थापना गरेर त्यसको अगाडी हात जोडि शरण जाँदैमा दुःख अशान्ति को मूलकारण जरा सम्म पुगेर कहाँवाट दुःख र अशान्ति उत्पन्न भइरहेछ भन्ने थाहा पाई के गरेमा दुःख र अशान्ति उत्पन्न हुन छोड्छ भन्ने कुराको पत्ता लगाई त्यस्को उपाय पनि गरेमा मात्र दुःख र अशान्ति हटेर जान्छ । भगवान वुद्धका अनुयायी हामीहरुले यी कुराहरु सिकेर व्यवहारमा उतार्नु परेको छ ।

मोटामोटी तवरले भन्न सकिन्छ कि प्रायः सवै जसो दुःख र अशान्तिको मूल जरा समाजमा कतै विकृति स्वरुप उत्पन्न अनियन्त्रित र अस्वाभाविक तृष्णा वा सुखको चाहनामा गाडिएको हुन्छ । सामाजिक रोगको रुपमा यत्रतत्र उब्जीरहेका तमोगुण प्रधान अशिक्षा र अन्धविश्वास, शक्तिमद र बिसमता, अर्थ र काम पिपासा, वर्ण वा जातीय उचनीचको भावना, मादक पदार्थको कुलत, अपार धनराशी र सुविधायुक्त जीवनको चाहना, इत्यादीको आडमा अनियन्त्रित अस्वाभाविक तृष्णाले जडो गाडिरहेको पाउन सकिन्छ । जुन प्रकारवाट जहाँ जहाँ जसरी यी बिभिन्न तृष्णाहरु समुदय भैरहेका छन्, त्यसप्रकारबाट त्यहाँ त्यहाँ त्यसरी नै यिनीहरुलाई निर्मूल गर्ने वारे सविस्तार अध्ययन गरी हामी वौद्धहरुले तदनुसार तृष्णाको जरालाई उखेली फ्याँक्न आवश्यक उपायहरु पत्ता लगाइ पाइला चाल्नु, समाजमा सुधार ल्याउने ठेक्का लिई वसेकाहरुलाई बोध गराई, बाटो देखाई, सक्रिय गराउनु हाम्रो दायित्व हो भने हामी आफैले पनि आफ्नो आफ्नो सामर्थ्य अनुसार कहाँ के गरेमा सामाजिक दुःखको आगोको ज्वालालाई मत्थर गर्न सकिन्छ, सो अनुसार गर्नु परेको छ । सामाजिक दुःख र अशान्तिलाई वेवास्ता गरी आँखा चिम्ली हात वाँधी बस्नु हामीलाई वौद्ध हुनुको नाताले अशोभनीय छ ।

वुद्धकालीन समाज र हाम्रो आजको समाजको वीच धेरै अन्तर आइसकेको छ । त्यसवेला जनसंख्या अत्यन्त कम थियो । यसकारण जग्गा जमीन प्रशस्त

थिए, खान लाउन केहि कष्ट थिएन, धनी र गरिव बीच त्यति भेद थिएन । भगवान बुद्धले दुःख सत्यमा देशना गर्नु भएका आठ प्रकारका दुःखहरु (जन्म, जरा व्याधि, मृत्यु, प्रिय वियोग, अप्रिय संयोग, इच्छाको अपूर्ति र संक्षेपमा पाँच उपादान स्कन्धहरु) त्यतिबेला दुःखका मूल स्वरुपहरु थिए, जुन आज पनि सबैका लागि सत्य छन् । तर दुःखको ज्वालालाई अति तिव्र गरी फुक्ने आजका कारणहरु त्यतिबेला थिएनन् । अनियन्त्रित जनसंख्या वृद्धिबाट उत्पन्न बसोवास खानपानको समस्या र संघर्षहरु, सामन्तवाद र पूँजिवादबाट उत्पन्न विकृतिहरु, जातिवाद, वर्णभेद, लिङ्गभेदबाट उत्पन्न विषमताहरु, अनेक धर्महरुबीच असहिष्णुता आदिबाट उत्पन्न सामाजिक रोगहरु त्यतिबेला अतिकम मात्रामा थिए होलान् । त्यतिबेला राज्यहरु पनि सानै थिए । भगवान बुद्धले आफ्नो देशनाहरुको क्रममा प्रशंसा गर्नु भएको वैशाली गणतन्त्रको देशका सबै प्रतिनिधिहरु एकत्र भई, देशका समस्याहरु छलफल गरी सर्वैक्यताको आधारमा निर्णयहरु लिई राज्य सञ्चालन गरिन्थ्यो, सत्ताको लागि लडाइँ र सत्ताको दुरुपयोग हुँदैनथ्यो । [illegible] र द्वन्द्वको स्थिति कहिल्यै आउँदैनथ्यो । भगवान बुद्ध आफैंले नदीको पानीलाई लिएर शाक्य र कोलीयबीच हुन लागेको झगडालाई शान्त पारिदिनु भएको थियो ।

भगवान बुद्धको पालादेखि आजसम्मकोबीच समाजमा धेरै परिवर्तन आइसकेको छ, तरह तरहका राजनैतिक प्रयोगहरु भैरहेका छन्, विज्ञान प्रविधिको विकासले सामाजिक रुपरेखा र सुविधाहरुमा परिवर्तन ल्याइ सकेको छ, सामाजिक समस्याहरु सुल्झाउन तरह तरहका तरिकाहरु निकालिएका छन् । भारतमा स्वतन्त्रता संग्राम जित्न सत्य र अहिंसाको प्रयोग भएको छ भने रुस चिन तथा अन्य केहि देशमा सामाजिक सुधार ल्याउन कार्लमार्क्सको सिद्धान्त अनुरुप साम्यवादको प्रयोग गरिएको छ । साथै मानवता र स्वतन्त्रताको नाममा ठूला राष्ट्रको स्वार्थ र अहंको परिपूर्तिको लागि साना राष्ट्रहरु माथि युद्धहरु थोपारिएको पनि हामीहरुले देखिरहेका छौं । आतंकवादलाई दबाउने क्रममा थप आतंकवाद सिर्जना भैरहेको छ । भगवान बुद्धको अमर वाणी "वैरले कहिल्यै वैर शान्त हुदैन, यहाँ अवैरले वैर शान्त हुन्छ यो सनातन धर्म हो"- भन्ने सत्य सन्देस आजको विश्वमा कतै गएर अल्झिरहेको जस्तो हामीलाई लागि रहेको छ, किनकि व्यवहारमा वैरलाई दबाउन जोडदार शक्तिको प्रयोग भइरहेको धेरै उदाहरणहरु हामी देखिरहेका छौं ।

यस्तो स्थितिमा, समाजमा दुःख र अशान्तिको मूल पहिचान गरी द्वन्द र रक्तपातको बाटोलाई त्यागी, दुःखी र आर्तहरुको घाउमा मलहमपट्टि लगाई निको पार्न जे जति गर्न सक्छौं गर्नु पर्ने हामी बौद्धहरुको कर्तव्य हुन आएको छ । हाम्रो समाजको कल्याणको लागि रक्तपातपूर्ण बाटो पनि होइन, अन्यायलाई सहेर टुलुटुलु हेरी रहने अन्य मनस्कताको बाटो पनि होइन, अन्याय अत्याचार दुराचारादि सामाजिक रोगहरुलाई सशक्त प्रतिकार गर्न, बीचको शान्तिपूर्ण संघर्षको बाटो अपनाइ, सचेतना जगाई, जागृति ल्याई, समाजमा भलो गर्न चाहनेहरुलाई बाटो देखाई, स्वयं आफैंपनि आफ्नो क्षमताले भ्याएसम्म काम कर्तव्यहरु गर्न कटिबद्ध हुनु परेको छ । असामाजिक तत्वहरुको विरोधमा, शान्तिको आवाज उठाउनु, मद्यपान, धुम्रपान, मादक पदार्थ सेवन, भ्रष्टाचार, दुराचार, वेश्यावृत्ति, यौन शोषण, नारीदमन, शक्तिको दुरुपयोग आदि सामाजिक रोगहरुको विरोधमा सत्यकुरा खुलाई, सचेतना जगाई, कार्यक्रमहरुलाई अघि बढाउनु आज सबैको विशेषगरी हामी बौद्ध महिला तथा पुरुष सबैको विशेष जिम्मेवारी हुन आएको छ ।

यस प्रसंगमा भिक्षु कुमारकाश्यप महास्थविरले लेख्नु भएको पुण्यभूमि जेतवन विहारको स्मारिका (२०५१) मा प्रकाशित लेख 'आजको समयमा बुद्धोपदेशको सार्थकता' पनि मनन योग्य छ, जसमा वहाँले स्पष्ट शब्दमा नेपाली जनताको सर्वोत्तम सुख समृद्धिको लागि शान्ति ल्याउने, नेपाली जनताको गरिबी घटाउने र निर्मूल पार्ने, सबैको स्वास्थ्य राम्रो बनाउने, सबैलाई काम धन्दाको व्यवस्था गर्ने, सबैको जीवनस्तर माथि उकास्ने आदि कामहरुको लागि सबैले एक ठाउँमा छलफल गर्ने, कसको विचार उत्तम छ,

त्यसलाई स्वीकार्ने, आदर गर्ने, मनन गर्ने, प्रकृया निर्धारण गर्ने काम गर्ने जनशक्ति तयार गर्ने, व्यवस्थापन गर्ने, एकले अर्कोलाई सम्मान गर्ने आदि विचार अघि सार्नु भएको छ ।

हाम्रो समाजका एकथरी विचारकहरुमा एउटा यस्तो प्रवृत्तिले जरा गाडेको पाइन्छ, जसद्वारा उनीहरु हाम्रो वास्तविक संसारलाई दु:खमय कर्म बन्धन, मायाजाल, ८४ लाख जुनी फेरी, वारम्बार जन्म लिएर दु:ख भोग्ने थलो सम्झी अथवा संसारलाई र सांसारिक दौडधूपलाई आफ्नो भाग्यको लेखा सम्झी, अभ्यास वा साधना द्वारा सांसारिक विषय वस्तुवाट आसक्ति हटाइ, एउटा संसार भन्दा परको तत्वमा लीन हुनु नै जीवनको ध्येय ठान्दछ र सांसारिक दु:ख अशान्तिवाट अन्यमनस्क रहन प्रेरित गर्दछ, यस प्रकार को प्रवृत्तिवाट हामीहरु सतर्क हुनु पर्दछ ।

भगवान बुद्धको जीवनीलाई हेर्ने हो भने, हामीले उनमा एक महान क्रान्तिकारीता कर्मवीरता पाउँछौं, जसले जीवनभर सामाजिक कुरीति, अन्याय विरुद्ध संघर्ष गरे, र जसले बोधिसत्व भईरहँदाखेरी पारमिताहरु पूर्ण गरी शान्ति र न्याय स्थापनाको लागि उत्सर्ग गरीरहे । वहाँको आदर्श जीवनवाट प्रेरणा लिएर पनि हामी सबै बौद्धले, बोधिसत्वको आदर्शलाई हृदयंगम गरी आफ्नो व्यक्तिगत शान्तिको लागिमात्र नभई समाजमा दन्कीरहेको दु:ख र अशान्ति हटाउन सक्दो सहयोग पुर्याइ वहु जनहिताय वहुजनसुखाय काम गर्नु नै हामीले आफ्नो कर्तव्य पालना गरेको हुनेछ ।

अस्तु ।

सबैको मंगल होस् । सबैले शान्ति पाउन् ॥


# अहिंसा पर्व विजया दशमीको

शुभ-उपलक्ष्यमा

सुख, शान्ति र सम्बृद्धिका लागि

**हार्दिक मङ्गलमय**

# शुभकामना

**व्यक्त गर्दछौं ।**

## दायक सभा परिवार

**धर्मशिला बुद्ध विहार, नदीपुर, पोखरा**

# लुम्बिनी बौद्ध विश्व विद्यालयको आवश्यकता

छत्रराज शाक्य
तानसेन

## १. विषय प्रवेश:

भगवान गौतम बुद्धको जन्म इसा पूर्व ५६३ मा नेपालको लुम्बिनीमा भएको थियो । २९ वर्षको उमेरमा कपिलवस्तुको दरवार त्यागी महाभिनिष्क्रमण गर्नु भएको थियो । जन्म मरणको चक्रमा घुमिरहनु पर्ने सांसारिक दुखबाट मुक्ति पाउने ज्ञानको खोजीमा लाग्नु भयो । ६ वर्षसम्म अनेक दुख कष्ट भोग्नु भई अन्तमा बुद्धगया भारत मा विपश्यना ध्यान मार्गबाट बुद्धत्व ज्ञान प्राप्त गर्नु भई सम्यक सम्बुद्ध हुनुभयो । तत्पश्चात सारनाथमा पंचभद्रीय भिक्षुहरुलाई चार आर्य सत्य, आर्य अष्टांगिक मार्ग र प्रतित्यसमुत्पाद जस्तो गहिरो ज्ञानको धर्मोपदेश गर्नु भई धर्मचक्र प्रवर्तन गर्नु भयो । बुद्धले ४५ वर्षसम्म नेपाल र भारतको गाउँ नगर भ्रमण गर्नु भई निर्वाण धर्म मानव धर्मको उपदेश दिनु भई मानवमात्रलाई उद्धार गर्नु भयो । अन्तमा कुशीनगरमा ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो ।

भगवान बुद्धले दिनु भएको दया, करुणा, मैत्री, सहिष्णुता र चित्त शुद्धिकरण र शान्तिको संदेश, आजको हिंसा, आतंक, युद्ध र अशान्ति छाएको विश्वमा पहिले भन्दा बढी मात्रामा सान्दर्भिक र आवश्यकता भएको छ ।

बुद्धधर्म, दर्शन, विपश्यना भावना र शान्ति विषयमा अध्ययन, अध्यापन, खोज एवं अनुसन्धान गर्न गराउन, बुद्ध जन्मभूमि लुम्बिनी नेपाललाई विश्वसामु चिनाउन, बुद्धधर्म र शान्तिलाई विश्वमा फैलाउन बौद्ध विश्व विद्यालयको आवश्यकता महशुस गरिएको छ । भगवान बुद्धको पावन जन्मस्थल लुम्बिनीकै नामबाट लुम्बिनीमा नै "लुम्बिनी अन्तर्राष्ट्रिय बौद्ध विश्व विद्यालय" को स्थापना गर्नु समायोचित हुनेछ ।

## २. विश्वमा बुद्धधर्मको विस्तार एवं अध्ययन

### क) बुद्ध धर्मको विस्तारः

भगवान बुद्धको निर्वाण पछि ईशा पूर्व २५० तिर भारतका सम्राट अशोकले दक्षिण पूर्व एशियाका मुलुकहरुमा मध्यपूर्व एशिया र दक्षिण युरोप सम्म धर्मदूतहरु पठाई बुद्धधर्मको प्रचार गरेका थिए । सम्राट अशोकले आफ्नै छोरा महेन्द्र र छोरी संघमित्रालाई भिक्षु र भिक्षुणी बनाई धर्म प्रचारार्थ श्रीलंकामा पठाउनु भएको थियो । अशोकले विजारोपण गर्नु भएको यो महान कार्यलाई त्यसपछिका बौद्ध भिक्षु, भिक्षुणी, उपासक उपासिका विद्वानहरु, बौद्ध संघ संस्थाहरु एवं अनुयायीहरुको सत्प्रयासबाट नै बुद्धधर्म विश्वव्यापी रुपमा विस्तार (Globolization) हुन गएको हो ।

दक्षिण पूर्वी एशियाका बर्मा (म्यान्मार), थाइलैण्ड, श्रीलंका, लाओस, कम्बोडिया, भियतनाम थेरवादी बौद्ध देशहरु हुन् भने, जापान, चीन, तिव्वत (चिन), मंगोलिया, साइबेरिया, ताइवान, हङकङ, भुटान, सिक्किम, आदि महायानी देशहरु हुन् । नेपालमा थेरवादी, वज्रयानी (महायानी) दुवै सम्प्रदायका बौद्धहरु छन् । यस बाहेक मलेशिया, बंगलादेश, भारत, इन्डोनेशिया आदि देशहरुमा पनि बौद्धहरु प्रसस्त छन् । युरोपका बेलायत, फ्रान्स, जर्मनी, इटाली, ग्रीस, स्विजरल्याण्ड, वेल्जियम, स्पेन, हंगेरी, डेनमार्क र स्केन्डेनोभियन देशहरुमा, त्यसपछि अमेरिका, क्यानाडा, अष्ट्रेलिया, न्यूजिल्याण्ड र अफ्रिकाका घाना, जाम्विया, तान्जानीया, दक्षिण अफ्रिका आदि देशहरुमा बौद्ध विहारहरु र बौद्ध संस्थाहरु रहेका छन् । यसरी विश्वका पाँचै महादेशहरुमा बुद्धधर्म फैलिसकेको पाइन्छ ।

### ख) बुद्धधर्मको अध्ययन र अध्यापनः

प्राचीन समयमा भारतको नालन्दा



Wondershare PDFelement

विश्वविद्यालय र पाकिस्तानको तक्षशिला विश्व विद्यालय प्रख्यात थिए । टाढा टाढाका मुलुकहरुबाट बुद्धधर्म दर्शन अध्ययन गर्न यी विश्व विद्यालयमा आउँदथे । पाँचौं शताब्दीमा नालन्दा विश्वविद्यालय भिक्षु कामार गुप्तबाट स्थापना गरिएको थियो। सातौं शताब्दी सम्ममा नालन्दामा अध्यापकहरुको संख्या १५,०० र विद्यार्थीहरुको संख्या १०,००० पुगेका थिए । बाह्रौं शताब्दीमा मुहम्मद बिन बख्तियार खिल्जीले आक्रमण गरी नालन्दालाई ध्वस्त बनाएको थियो । सो नालन्दा विश्वविद्यालयमा चिनियाँ प्रसिद्ध यात्री हेनसाङ पनि बुद्धधर्म दर्शन अध्ययन गरेर सिल्करोड (Silk Road) भएर चीन फर्केको इतिहासमा उल्लेख रहेको पाइन्छ ।

वर्तमान समयमा बुद्धधर्म अन्तर्गत पवित्र ग्रन्थ त्रिपिटक, सुत्रपिटक, विनयपिटक र अभिधर्मपिटक, बौद्ध दर्शन, थेरवाद, महायान, बज्रयान, विपश्यना लगायत विभिन्न ध्यान मार्गहरु, बौद्ध सामाजिक शिक्षा, बौद्ध अर्थशास्त्र आदि विषयका अध्ययन अध्यापन एवं अनुसन्धान गर्न गराउन विभिन्न देशहरुमा बौद्ध विश्व विद्यालयहरु, उच्च विद्यालयहरु, अनुसन्धान संस्थाहरु, शिक्षण संस्थाहरु स्थापना भएर संचालन भएका छन् । श्रीलंकामा ४, थाइल्याण्डमा २, भियतनाममा २, कम्बोडियामा ३, दक्षिण कोरियामा ३, भारतमा १ र सबभन्दा बढी जापानमा १४ गरि जम्मा २९ वटा बौद्ध विश्व विद्यालय र कैयौं अध्ययन संस्थाहरु (Institute) र बौद्ध अध्ययन विभागहरु (Buddhist Studies Department) मा बुद्धधर्म, दर्शन र शिक्षाको अध्ययन र अध्यापन संचालन भईरहेका छन् ।

## ग) नेपालमा बुद्धधर्मको अध्ययन र अध्यापन

बुद्धकालमा नेपालमा बुद्ध अनुयायीहरु पर्याप्त थिए । आजको हिसाबले भन्नुपर्दा सबै थेरवादी थिए । पछि महायान संप्रदायको विकास भएपछि नेपालमा बज्रयानको बिकास भएको हो । ललितपुरमा सबै जसो प्रचिन र मध्यकालका विहारहरु बज्रयानी परम्परा अनुसार निर्माण गरिएको पाइन्छ । यी बौद्ध विहारहरुमा बज्रयान बुद्धधर्मको अध्यापन बज्राचार्य गुरुहरुबाट हुन्थे । गुरु शिष्य परम्परा आज सम्म चल्दै आएको छ । नेपालको उत्तरी हिमाली भेगमा भने महायानी परम्परा अन्तर्गत बौद्ध लामा बन्ने र बौद्ध गुम्बाहरुमा बसी लामा रिम्पोछे गुरुहरुबाट अध्ययन गर्ने परम्परा प्राचिन समय देखि वर्तमान सम्म चल्दै आएको छ। भगवान बुद्धका उपदेशहरु चार आर्यसत्य आर्य अष्टांगिक मार्ग, प्रतित्य समुत्पाद, दु:ख अनित्य, अनात्म दर्शन, ध्यान भावना, समाधि आदिको साथै बुद्ध पूजा, मन्त्र, जप आदि विधि पनि सिकाउने गर्दछन् ।

वि.सं. १९८५ देखि नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरण वा पुनरुत्थानको शुरुवात भएको मान्नु पर्दछ । भिक्षु प्रज्ञानन्द महास्थविर नेपालको पहिलो थेरवादी बौद्ध भिक्षु थिए । त्यसपछि भारतको कुशीनगर, बर्मा, श्रीलंका र थाइल्याण्ड गएर नेपालीहरु धेरै बौद्ध भिक्षु भए । नेपालमा काठमाण्डौ उपत्यका लगायत बाहिर तानसेन, बुटवल, पोखरा, भोजपुर, चैनपुरमा बौद्ध विहारहरु बन्न थाले । धार्मिक कार्यक्रमहरुमा अघिपछि बुद्धधर्म बारे प्रवचन गर्ने, बौद्ध परियति शिक्षा पढाउने कामहरु शुरु भई विभिन्न बौद्ध शिक्षालय, विहारहरुमा संघ संस्था विकास भई बौद्ध परियति शिक्षाको संचालन भइरहेको छ । काठमाण्डौको बौद्ध र अन्य स्थानहरु, पोखरा र हिमाली भेगका गुम्बाहरुमा बुद्धधर्मको अध्ययन अध्यापन भइरहेका छन् ।

विगत ३-४ वर्ष देखि त्रिभुवन विश्वविद्यालय किर्तीपुर क्याम्पसमा बौद्ध अध्ययन विभाग (Department Of Buddhist) खोली एक वर्षे पोष्ट ग्रेजुयत डिप्लोमा कोर्स (Post Graduate Diploma In Buddhist Studies) को पढाइ चलिरहेको छ । यसको साथै महेन्द्र संस्कृत विश्व विद्यालयले केही वर्ष देखि बज्राचार्य पुरोहितको लागि बज्रयानी परम्परा अनुसार पूजा विधि तालिम र केही बुद्धधर्म सम्बन्धी अध्ययन अध्यापनको संचालन गरेको छ । **लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था** (LIRI- Lumbini International Research Institute) लुम्बिनीमा रेयुकाई संस्था जापानको सहयोगमा स्थापित र संचालन भइरहेको छ। यो संस्थामा विश्वका विभिन्न भाषाहरुमा बुद्धधर्मका ग्रन्थहरुको अमूल्य संग्रह-

पुस्तकालय रहेको छ । बुद्धधर्मको विविध विषयमा गहन एवं उच्चस्तरको अध्ययन अनुसन्धान गर्ने सुविधा प्रदान गर्दै आएको छ ।

३) नेपालमा बौद्ध विश्वविद्यालयको आवश्यकता

क. **विश्वविद्यालय खोल्न हालसम्म भएका प्रयासहरुः**

हालसम्म नेपालमा बौद्ध विश्वविद्यालयको स्थापना भैसकेको छैन । यद्यपी बौद्ध विश्वविद्यालयको स्थापना गर्ने प्रारम्भिक चरणका कुराहरु, प्रस्तावहरु, प्रयासहरु अगाडि नआएका होइनन् । तर यी प्रस्तावहरु र प्रयासहरुले सफलता पाउन सकेको छैन ।

"सिद्धार्थ विश्वविद्यालय" नाला, काठमाण्डौमा स्थापना गर्न वि.स. २०५४ देखि भिक्षु डा. सुनन्द महास्थविरबाट प्रयास भैरहेको छ । केही समितिहरु गठन गर्ने र उग्रचण्डी वडा नं. ४ मा भवन निर्माण गर्न शिलान्यास कार्य पनि भएको छ । श्री ५ को सरकारवाट स्विकृती पाउने प्रयास भैरहेको छ । तर त्यसको लागि विधेयक पारित भएको छैन । तसर्थ प्रारम्भिक चरणमा मात्र कुराकानी भएको देखिन्छ ।

वि.स. २०५५ मा सपन्न भएको विश्व बौद्ध शिखर सम्मेलन (The World Buddist Summit) को बुंदा २ को ६ मा लुम्बिनीमा बौद्ध विश्वविद्यालय स्थापना गर्ने उल्लेख गरिएको छ। बौद्ध विश्वविद्यालय स्थापना गर्ने प्रस्तावको संभाव्यता अध्ययन गर्न सुझाव दिएको छ । साथै थाइल्याण्डमा स्थापना हुने विश्व बौद्ध विद्यालय (World Buddhist University) सित सम्वन्ध राखि एउटा उपयुक्त शिक्षण संस्था लुम्बिनीमा स्थापना गर्न पनि संभाव्यता अध्ययन गर्ने भनिएको छ। (Suggest a feasibility study of the proposal for the establishment of an International Buddhist University at Lumbini and recommend that a suitable instution be proposed to function as an associate centre of the world Buddhist University to be established in Thailand)

शिखर सम्मेलनमा श्रीलकाको प्रतिनिधिबाट विश्वविद्यालय स्थापना गर्नु पर्ने प्रस्ताव आएपछि अरु सहभागीहरुले स्वागत सहित पारित गरे । थाई प्रतिनिधि एवं विश्व बौद्ध भातृत्व संघ (World Fellowship Of Bubbhist) का महासचिव डा. नातासरन सिसालव (Dr. Natasaran Seesalab) ले प्रस्तावको समर्थन गर्दै लुम्बिनीमा विश्व विद्यालय स्थापना गर्न वि.बौ. संघले (WFB) सक्दो सहयोग गर्नेछ भनि प्रतिवद्धता जाहेर गर्नु भयो ।

विश्व बौद्ध शिखर सम्मेलनको घोषणापत्रमा उल्लेख भए अनुसार लुम्बिनी विकास कोषले मिति २०५६ पौष ३० मा प्रा. डा. तुलसीराम बैद्यको संयोजकत्वमा ७ सदस्यीय "विश्वविद्यालय उप समिति" गठन गरेको थियो । तर हाल विश्वविद्यालय स्थापना गर्न आवश्यक पूर्वाधार प्रकृया अगाडी बढ्न सकेको देखिदैन ।

ख) **बौद्ध विश्वविद्यालय खोल्नु पर्ने औचित्य र आवश्यकताः**

भगवान वुद्धको पावन जन्मस्थल लुम्बिनी नेपालमा पर्दछ । नेपाल वुद्ध जन्मभूमि हो । विश्वका बौद्ध एवं अन्य मुलुकहरुले वुद्ध जन्मभूमी भनेर लुम्बिनी लाई ज्यादै नै श्रद्धा र आदर गर्दछ । आज विश्वमा वुद्धधर्म दर्शन तिव्र गतिले फैलिदै गरेको अवस्थामा नेपालकै महान सुपुत्रवाट प्रतिपादित वुद्धधर्म दर्शनको अध्ययन, अध्यापन, अनुसन्धान गर्न र गराउनका लागि एउटा बौद्ध विश्वविद्यालय स्थापना गर्नु पर्ने धारणा औचित्यपूर्ण एवं आवश्यक देखिन्छ ।

आज विश्वमा हिंसा आतंक र अशान्ति छाएको अवस्थामा वुद्धको दया, करुणा, मैत्री सहिष्णुता र चित्त शुद्धिकरणको मार्ग- विपश्यना ध्यान, शान्ति आदिलाई चिन्तन मनन र व्यवहारमा उतारेर प्रत्येक व्यक्तिले विश्वशान्तिमा सघाउ पुऱ्याउन सक्दछ । यसरी शान्ति अभिवृद्धि गर्ने काममा स्थापना हुने बौद्ध विश्वविद्यालयले ठूलो भूमिका खेल्न सक्दछ ।

नेपालमा महायान अन्तर्गत आफ्नै विशेषता भएको वज्रयान बौद्ध संप्रदायको विकास भएको छ । नेपालको हिमाली पहाडी भेग गाउँ र नगरमा विविध बौद्ध संस्कृति पाइन्छ । साथै वुद्धकालीन पुरातात्विक

महत्वका स्थलहरु लुम्बिनी, तिलौराकोट, कपिलवस्तु, देवदह, रामग्राम, गोटीहवा, निग्लिहवा आदी महत्वपूर्ण स्थलहरु रहेका छन् । उपरोक्त बिबिध बौद्ध संस्कृति र स्थलहरुको अध्ययन, अध्यापन र अन्वेषण उत्खनन् आदि गरि सत्य तथ्य वस्तुस्थिति विश्व सामु अझ वढी प्रकाश पार्नु पर्ने सन्दर्भमा बौद्ध विश्वविद्यालयको स्थापना वढी औचित्यपूर्ण र आवश्यक देखिन्छ ।

## ग) बौद्ध विश्वविद्यालयको स्वरुप वारे केही अवधारणाः

### १. नाम र स्थलः

माथि नै चर्चा गरिसकिएको छ कि -लुम्विनी अन्तर्राष्ट्रिय बौद्ध विश्वविद्यालय नाम राखि लुम्विनीमा नै स्थापना गर्नु उचित हुनेछ । वर्मा, थाइल्याण्ड, श्रीलंका, चीन, जापान आदि देशका व्यक्तिहरुका लागि वुद्धको जीवनी सित सम्वन्धित पुरातात्विक स्थलहरुको अवलोकन, अध्ययन र नेपालका बौद्ध संस्कृतिको अध्ययन उनीहरुको लागि वढी रुचीकर र आकर्षक हुने हुँदा यसलाई अन्तर्राष्ट्रिय रुप दिनु नै राम्रो हुनेछ ।

लुम्विनी-पवित्र जन्मस्थल, श्रद्धापूर्णस्थल भएको हुँदा यहीं नै स्थापना गर्नु पर्दछ। हाललाई काठमाण्डौको कुनै एक ठूलो वौद्ध विहार वा अन्य स्थलमा स्थापना गरेर निकट भविष्यमा लुम्विनीमा सार्ने योजना गर्नु पर्दछ । प्रो. केन्जो टांगेवाट वनाइएको लुम्विनी गुरु योजना अन्तर्गत क्षेत्र नं २ मा विहार क्षेत्र (Monastry Zone) को सांस्कृतिक केन्द्र (Cultural Centre) अन्तर्गत पुस्तिकालय, अनुसन्धान केन्द्र, म्युजियम आदि सबै आउंदछन्, यही क्षेत्रमा नै अनुकुल ठाउँ विश्वविद्यालयको लागि जग्गा छुट्याउनु उचित हुनेछ ।

### २. उद्देश्य (Objective):

प्रस्तावित विश्वविद्यालयको उद्देश्यहरु निम्नानुसार हुनु पर्दछः-

क. बुद्धधर्म दर्शनको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने गराउने ।

ख. नेपालको सन्दर्भमा वज्रयान, बौद्ध संस्कार र संस्कृति, वौद्ध विहार एवं गुम्बाहरुको अध्ययन, अनुसन्धान गर्ने गराउने ।

ग. बुद्धकालीन पुरातात्विक स्थलको अध्ययन र पुरातात्विक उत्खनन, अनुसन्धान गरि सत्य तथ्य प्रकाशमा ल्याई विश्वसामु प्रचार प्रसार गर्ने ।

घ. राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त बौद्ध विद्वानहरु विचारकहरुलाई आमन्त्रण गरि विभिन्न कार्यक्रममा सहभागी वनाई बौद्धिक, प्राज्ञिक विचार आदान प्रदान गर्ने ।

ङ. विभिन्न राष्ट्रका वौद्ध विश्वविद्यालय, अध्ययन संस्थानहरु, संघ संस्थाहरु मिली वुद्ध धर्म सम्वन्धी अन्तर्राष्ट्रिय गोष्ठी सेमिनार आयोजना गर्ने ।

च. देशभित्र समान उद्देश्य भएका विद्यालय, शिक्षण संस्थाहरु र अन्य संघ संस्थाहरुलाई सम्वन्धन प्रदान गर्ने र उद्देश्य अनुरुप शिक्षण संस्था खोल्ने ।

छ. वुद्धवाट उपादेयित शान्ति मार्गलाई व्यवहार मा अवलम्वन गरी समाजमा शान्ति कायम गर्न, चित्त विशुद्धिकरण-विपश्यना ध्यान र अन्य शान्ति मार्गको अध्ययन, अध्यापन र अभ्यास गर्ने, गराउने ।

### ३ विधिः

बौद्ध विश्वविद्यालय स्थापना गर्ने काम सजिलो छैन, निश्चय नै गाह्रो काम हो । यदि हामीहरुले इमान्दारीपूर्वक, मेहनत साथ काम थालनी गर्‍यौं भने निश्चित रुपमा सफलता प्राप्त हुनेछ ।

**हाल गर्नुपर्ने कामहरुको बिवरण संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।**

१) श्री ५ को सरकार, सम्वन्धित शिक्षा र संस्कृति मन्त्रालय र लुम्विनी विकास कोषको संयुक्त आयोजनामा २०५६ मा गठीत "विश्व विद्यालय उपसमिति" लाई नै देशका भिक्षु, बौद्ध विद्वानहरु र संघ संस्थाको प्रतिनिधि समावेश गरि पुनर्गठन र विस्तार गर्ने ।

२) सो समितिवाट विधेयकको प्रारुप तर्जुमा गरी संसद वा सम्वन्धित निकायवाट पारित एवं स्विकृत गराउन काम अगाडि वढाउने ।

३) सो विश्वविद्यालय स्थापना गर्न वि.बौ.भ्रा. संघ (WFB) र थाइलैण्डमा स्थापित विश्व बौद्ध विश्वविद्यालय (World Buddhist University) सित सम्वन्ध राखी सहयोग प्राप्त गर्न सकिनेछ ।

सन् २००० डिसेम्बर ९ मा वि.बौ. भ्रा. संघको ५० औं वार्षिकोत्सवकको उपलक्ष्यमा बैंककमा आयोजित २१ औं विश्व बौद्ध सम्मेलन (21st WFB General Conference) मा थाइलैण्डका संघमा सोमदेव फ्रा ञाणसंवर महास्थविर ज्यूबाट शुभ आर्शिवचनको साथै थाई शिक्षा मन्त्री सोमसाक (Somsak Prisananandaku;) ले विश्व बौद्ध विश्वविद्यालय (W.B.U) को समुद्घाटन गर्नु भएको थियो । सो विश्वविद्यालयको मुख्य उद्देश्यमा उच्चस्तरीय रुपमा बुद्धधर्म दर्शनको अध्ययन, अध्यापन गराउने , विश्वभरिका बौद्ध वि.वि. र संस्थासित समन्वय गर्ने आदि रहेको छ । ( The main objective of the University is to conduct advanced Buddhistic Studies and coordinate with Buddhist Universities and institutions which offer Buddhist research and related subjects all over the world)

सोहि दिनमा बैंककमा संपन्न "आध्यात्मिक अभ्यासमा वि.बौ.वि.वि. को धारणा र भूमिका" ( Main Concept and Role of the World Buddhist University on the field of Spiritual Practice ) विषयक सेमिनारमा म पनि सहभागी हुने अवसर प्राप्त भएको थियो । भविष्यमा खोलिने "Institute of Spiritual Practice" को वारे छलफल हुँदा सो नामको साटो "Institute of Chitta Bhawan" अथवा "Institute of Vipassyana" वढी उपयुक्त हुने र विपस्यना र अरु ध्यान भावना वारे अध्ययन अध्यापनको साथै अभ्यास र ध्यान शिविर संचालनमा पनि जोड दिनु पर्ने सुझाव प्रस्तुत गरेको थिएँ ।

अन्तमा, प्रस्तावित लुम्बिनी अ.बौ.वि.वि. जति सक्दो चांडो खोल्नु पर्ने र यसको लागि देश भित्र र वाहिरवाट बौद्ध र अन्य श्रद्धालु व्यक्ति वाट आर्थिक र अन्य दान सहयोग प्राप्त हुने नै छ । यो विश्वविद्यालयले देश, विदेशमा बुद्ध धर्म दर्शनको उच्च अध्ययन, अध्यापन र अनुसन्धानको क्षेत्रमा एउटा प्राज्ञिक केन्द्रको रुपमा महत्वपूर्ण भूमिका खेल्नुको साथै विश्वशान्तिको मुहान लुम्बिनी र नेपालको छविलाई अन्तर्राष्ट्रिय जगतमा उच्च वनाउने कुरामा विश्वस्त हुन सक्छौं ।

卐卐卐


**अहिंसा पर्व विजया दशमीको**

शुभ-उपलक्ष्यमा

सुख, शान्ति र सम्वृद्धिका लागि

**हार्दिक मङ्गलमय शुभकामना**

**व्यक्त गर्दछौं ।**

**गोविन्द तामाकार**

सभापति

**ज्ञानमाला संघ परिवार**

**धर्मशिला बुद्ध विहार, नदीपुर, पोखरा**

# स्वतन्त्र चिन्तन-बुद्ध धर्मको विशेषता

रीना तुलाधर

स्वतन्त्रता-आज मानव मात्रको चाहना हो । आजको युगमा मानव स्वतन्त्रता चाहन्छन्, बन्धन होइन । स्वतन्त्र रुपले खानु, लाउनु, सोच्नु, बाँच्नुमा नै मानिसले सुखको अनुभव गर्ने गर्छन् । उसो त मानिसमात्र होइन, कुनै पनि जातिको प्राणी, पशु, पंक्षी बाँधिन र थुनिन चाहँदैनन् । स्वतन्त्रले हिंडेर, उडेर वा डुलेर नै पशु, पंक्षी खुशी हुन्छन् । के पशुपंक्षी के मानिस, सबैको चाहना स्वतन्त्रता नै हो । वरु पशु पंक्षीलाई खान, सुत्न र बाँच्नलाई मात्र स्वतन्त्रता भए पुग्छ भने मानवलाई त्यो भन्दा पनि महत्वपूर्ण वैचारिक स्वतन्त्रताको पनि आवश्यकता छ ।

आफ्नै स्वविवेकले सोच्नु र अनि मात्र निर्णय लिनु एउटा विवेकशील मानिसको लक्षण हो । सबै मानिसमा यो गुण हुनै पर्छ भन्ने छैन । अरुले भनेको कुरालाई सिधै मान्ने पनि मानिसको स्वभाव हो । आफ्नो बुद्धिले नसोचि अरुकै होहल्लामा लागेर गलत निर्णय लिंदा नै मानिसले धोखा खान्छ । बुद्धिमानी को चिन्ह हो स्वविवेकले सोच्नु ।

स्वतन्त्र रुपले बाँच्नु र सोच्नु मानिसको यही चहनाले हो, आज संसारमा प्रजातन्त्रको लहर चलेको छ । संसारमा एकतन्त्री तानाशाहीको अन्त्य हुँदैछ । समाजवादको सफलता समेत घट्दै गएको छ । आज संसारभरि नै मानिसको चाहना यहि रहेको छ - आफ्नै स्वविवेकले जननेता चुन्नु, सरकार खडा गर्नु, आफ्नो भनाइको लागि आफ्नै किसिमले विधि, विधानहरु बनाउनु, नीति तर्जुमा गर्नु, योजना बनाउनु इत्यादी । आजका युगका स्वतन्त्रताका पक्षपाती मानव जातिले शायद बिर्सिराखेको छ कि २५०० वर्ष भन्दा पहिले बुद्ध धर्मका प्रवर्तक गौतम बुद्धले यही स्वतन्त्र चिन्तनको उपहार मानव जातिको लागि छोडेर जानु भएको थियो । बुद्धधर्ममा स्वतन्त्र चिन्तनको पूर्ण स्थान छ, जसको कारण बुद्ध धर्म अन्य धर्म भन्दा अलगिगएको छ । "स्वतन्त्र चिन्तन" बुद्ध धर्मको विशेषता हो ।

धार्मिक क्षेत्रतिर अध्ययन गर्‍यौ भने यो स्पष्ट देखिन आउँछ कि प्रायशः धर्ममा मानवको स्वविवेकले सोच्ने स्वभावलाई स्थान नदिइकन धर्म शिक्षकहरुले वैचारिक रुपमा मानवलाई लाड्न खोजेका छन् । इसाइ धर्मका प्रवर्तक इसा मसिहले आफूलाई इश्वरको पुत्र भनेका छन् । उनको सबैभन्दा ठूलो कार्य नै मनुष्यलाई इश्वरको राज्य सम्म पुर्‍याउनु हो । इसाले भनेका थिए-"दुखि प्रणीहरु तिमीहरु सब म कहाँ आउ । म तिमीहरुलाई विश्राम दिलाउँछु ।" सम्पूर्ण बाइबल अनुसार इश्वरको प्रति विश्वास गर्नु हो नभए नरकमा खस्नु पर्छ । इस्लाम धर्मका प्रवर्तक मुहम्मदले एक कदम अगाडी बढेर आफूलाई खुदा (इश्वर)का दूत भनेका छन् । त्यति मात्र होइन इश्वरको अन्तिम दूत पनि भनेका छन् । यो धर्म मान्नेहरुले अनिवार्य रुपले आफ्नो धर्मग्रन्थ (कुरान) पढ्नु र मान्नु पर्छ । आफूलाई स्वयं इश्वर हुँ भनेर घोषणा गर्ने कृष्ण भगवानले पनि यसरी भनेका छन् - "सबै धर्मको परित्याग गरि मेरै शरणमा आऊ । मैले नै तिमीहरुको सबै पाप मोचन गरिदिन्छु । चिन्ता नगर ।" इश्वर वचन भएको हुदा हिन्दू धर्मावलम्वीहरु श्रीमद् भागवद गीता का कुराहरु विना सोची सत्य नै मान्छन् । आफूले सोच्नु पर्ने कुरा त्यसमा छैन । एवंप्रकार विभिन्न धर्ममा धर्म संस्थापकहरुले आफूमा इश्वरीय शक्ति भएको कारण सबैले आ-आफ्नो वचनलाई अन्तिम सत्य मनाउन वा विश्वास दिलाउन प्रयत्न गर्छन् । त्यसमा संदेह गर्ने स्थान दिइएको छैन । आफ्नो कथनको अलावा अगाडी बढेर तर्क गर्ने अवसर दिइएको छैन ।

गौतम बुद्धले कहिल्यै आफ्नो व्यक्तित्वको लागि कुनै किसिमको अदृष्य शक्तिको प्रमाण [illegible] पेश गर्नु भएन । बुद्धले केवल आफ्नो सन्देशको प्रचार गर्नु भयो । मनुष्यलाई आफ्नो बुद्धिको दास बनाउनु भएन । प्राचिन

सत्ता वा विश्वासको आश्रय बुद्धले कहिल्यै लिनु भएन। बुद्धले उल्टो यस प्रकारको आश्रय लिने बुद्धिलाई अन्ध श्रद्धा, अन्ध भक्तिको संज्ञा दिनुभयो। यस्ता सिद्धान्तलाई पुष्टी गर्न खोज्ने सवै कुरालाई बुद्धले शव्दजाल भन्नु भयो। वुद्धलाई शव्दजालको परिपाटी माथि दुख थियो तथा यसप्रकारको जाल विछ्याइ रहने धर्माधिकारी पुरोहितहरु माथि घृणा तथा यस्ता जालमा फस्ने प्राणीहरु प्रति करुणा थियो। वुद्धको वचनमा यसप्रकार शव्दजाल छैन र वुझ्न पनि सरल छ।

स्वतन्त्र चिन्तन सम्वन्धी वुद्धको वचनहरु त्रिपिटकका विभिन्न ठाउँमा प्रमाणस्वरुप देख्न सकिन्छ। वुद्धको वचनहरु वा वुद्ध शिक्षा सगालिएको ग्रन्थ त्रिपिटकमा मानिसहरु माथि वैचारिक शोषण विल्कुल छैन। धर्म ग्रन्थलाई स्वतः प्रमाण मान्ने प्रायशः धर्महरुको सिद्धान्तको ठिक विपरित वुद्ध धर्मको ग्रन्थ त्रिपिटकमा स्वतन्त्र चिन्तनलाई पुनर्स्थान दिइएको छ। वुद्धकालीन एक घटना हो- केश पुत्र नामको एउटा गाउँमा कालामहरुले विभिन्न मतवादका विभिन्न सन्तपुरुषहरुले भनेका वचनहरुलाई कुनलाई सत्य वा कुनलाई झुठो मान्ने छुट्याउन सकेन। यहि सन्देह लिएर भगवान वुद्ध कहाँ आएर तिनीहरुले यसरी प्रश्न गरे- भन्ते कुनै साधु व्राम्हण केशपुत्रमा आउँछन्, आफ्नो वादको प्रशंसा गर्छन्, अरुको वादमा निन्दा गर्छन्, फेरी अर्को साधु आउँछन् आफ्नै वादको प्रशंसा गर्छन् अरुको वादमा रिसाउँछन्। तव हामीहरुलाई सन्देह हुन्छ, यी मध्ये कुन सत्य हो कुन झुटो हो।

तिनीहरुलाई जवाफ दिंदै भगवान् वुद्धले भन्नुभयो- हे कालामहरु आउ, तिमी कुनै कुरालाई केवल यसकारण स्विकार नगर कि यो तिमीले सुनेका हौ केवल यसकारण स्वीकार नगर कि यो कुरा परम्परागत हो। केवल यसकारण स्वीकार नगर कि यो हाम्रो धर्म ग्रन्थ सँग मिल्छ। केवल यसकारण स्वीकार नगर कि यो तर्कसम्मत छ। केवल यसकारण स्वीकार नगर कि यो न्यायशास्त्र सम्मत छ। केवल यसकारण स्वीकार नगर कि यो आकार प्रकार सुन्दर छ। केवल यसकारण स्वीकार नगर कि यो हाम्रो महत्व अनुकुल छ। केवल यसकारण स्वीकार नगर कि वताउने व्यक्तिको व्यक्तित्व आकर्षक छ। केवल यसप्रकार स्वीकार नगर कि वनाउने श्रमण हाम्रो पुज्य छ। हे कालामहरु जव व्यक्तिले आत्मानुभावले आफैले जान्छौ कि यी कुराहरु अकुशल छन्। यी कुराहरु दोषपूर्ण छन्। यी कुराहरु विद्वान पुरुषहरुद्वारा निन्दित छन्। यी कुराहरु अनुसार चल्नाले अहित हुन्छ। दुःख हुन्छ। तव हे कालामहरु तिमीहरुले त्यस्ताकुराहरु छोडिदेउ।

भगवान वुद्धले अर्को एक ठाउँमा भिक्षुहरुलाई सम्वोधन गरेर भन्नुभएको छ- "भिक्षुहरु मैले दुखरुपी संसार पार तर्नलाई धर्मको उपदेश गर्छु। वोकि राख्नलाई होइन। जसरी भिक्षुहरु! कुनै एउटा मानिस ठूलो जलाशयको वारीमा छ, र त्यहाँ डुव्ने भय छ र अर्को पारी डुव्ने भय छैन र सुरक्षित छ। त्यस्तो वेला पार तर्नलाई कुनै डुङ्गा नाउ छैन, पुल पनि छैन तव यस मानिसले काठको टुक्राहरु जम्मा गरेर नौका वनाउँछ र हात खुट्टाको मेहनतले सुरक्षितपूर्वक नौकावाट पार लगाउँछ। पार तरीसकेपछि पनि यो नौका ले मलाई ठूलो उपकार गरेको छ, सहारा वनेको छ भन्दै टाउकोमा वोक्दै काँधमा वोक्दै हिंड्यो भने के यो मानिसले नौका प्रतिको कर्तव्य पालन गरेको हुन्छ? उसले त्यस्तो अनावश्यक कर्तव्य पालना गर्न खोजे त्यो उसकै दुःखको कारण वन्दछ।"

भगवान वुद्धले आफ्नो धर्म उपदेश वोकेर हिंड्नलाई होइन, पार तर्ने साधनको रुपमा प्रयोग गर भनि यस्तो उदारता प्रकट गर्नु भएको छ। भगवान वुद्धले आफ्नो धर्म उपदेश अरुमाथि लाद्नको लागि प्रयत्न गर्नु भएन। यहाँसम्म कि भगवान वुद्धले महापरिनिर्वाण (मृत्यु) हुनु भन्दा पहिले भिक्षुहरुलाई समय र परिस्थितिको आवश्यकता अनुसार सानातिना भिक्षु नियमहरु वदल्न सकिन्छ, हटाउन सकिन्छ भनेर वचन सम्म छोडेर जानु भएको थियो। वरु भिक्षुहरुले नै ती सानातिना नियमहरु कुन र के हुन् भनि छुट्याउन नसकेको कारण भिक्षु नियमहरु आजसम्म यथावत कायम नै गरिएको छ।

भगवान वुद्धले महापरिनिर्वाणको समयमा आनन्दसंग यस्तो पनि भन्नु भएको थियो - मेरो उपदेश

मात्र सिद्धान्त होइन बरु आचरणको निर्देशन दिने शास्त्र पनि हो । आचरणको कसौटीमा कसेर मात्र यसको अनुकरण गर्नुपर्छ । अन्धविश्वासपूर्वक यसको अनुकरण गर्नु हुँदैन ।

भगवान बुद्धको धर्ममा आवश्यक सुधार संभव छ । समय र परिस्थिति अनुसार केही नियमहरु परिवर्तन गर्न सकिन्छ किनकि भगवान बुद्ध यो चाहनु हुन्नथ्यो कि उहाँको सिद्धान्त ऐतिहासिक तथ्यको झरेको सुकेको रुख जस्तै रहिरहोस् । उहाँ चाहनु हुन्थ्यो उहाँको सिद्धान्त मानव समाजमा सदा छाया दिने पलाएको रुख जस्तै रहि रहोस् जसको मुनी वर्तमान मानव समाजले आश्रय र शीतलता प्राप्त गर्न सकोस् ।

अन्य धर्मका प्रवर्तकहरुले धर्म उपदेशमा सुधारको अवसर दिएको देखिँदैन । किनभने सुधारको अवसर दिनाले स्वयं अरुको दाजोमा निम्न हुन जाने डर हुन्छ । बुद्धले सुधार गर्ने यो स्वतन्त्रता निर्भयपूर्वक दिनु भयो । अन्य धर्ममा जस्तै सुधार गर्न दिइयो भने आधारशीला नै हराउने डर उहाँमा छैन । बुद्धधर्मको जरा फैलने पृष्ठभूमि नै जन कल्याण हो । अतः बुद्धले आफ्नो धर्मको रक्षाको लागि यसलाई ईश्वर वचन भनेर अरुबाट विश्वास गराउने विचार गर्नु भएन न (वचन) लाई परिवर्तन गराउँदा महापाप लाग्ने भय देखाउनु भयो । बुद्धले मानव मात्रको कल्याण हुने उपदेश निर्भिक पूर्वक दिनुभयो र मानवले आफ्नै भलाइको लागि स्वविवेकले यसलाई स्वीकार गर्नु चाहेमा यसमा परिवर्तन समेत गर्नु भनी स्वतन्त्र चिन्तनको फराकिलो मैदान मानवको लागि छोडेर जानु भयो ।


## बौद्ध दृष्टिमा विजया दशमी अहिंसा पर्व हो

अहिंसा पर्व विजया दशमीको शुभ-उपलक्ष्यमा
सम्पूर्ण नेपालीको सुख, शान्ति र समृद्धिका लागि
हार्दिक मंगलमय

**शुभ-कामना**

वेदमान गुभाजू
तथा
**कञ्चन आभूषण परिवार**
मोहरियाटोल, पोखरा
फोन: ५२१५४९

# बुद्ध शिक्षाको सही अनुकरण

□ मदन रत्न मानन्धर
काठमाण्डौ

संसार, चराचर जगत, लोक बारे आफ्नै पुरुषार्थ, मिहेनत र ज्ञानले वास्तविकता अवगत गर्न सक्ने व्यक्ति नै "वुद्ध" कहलाइन्छ, जो आफू लगायत सवैलाई सांसारिक बंधन र दुःख वाट मुक्त हुन सक्ने उपाय वताउन सक्षम हुनुहुन्छ। यस प्रकारका महान् व्यक्तित्व, महामानव र महोपकारक वुद्धको जन्म यदाकदा पृथ्वीमा भइरहन्छ। त्यसमध्ये आजभन्दा २६२७ वर्ष अगाडी नेपालको रुपन्देही जिल्ला अन्तर्गत लुम्बिनी उद्यानमा जन्मनु भएका राजकुमार सिद्धार्थ ३५ वर्षको उमेरमा "वुद्ध" हुने सौभाग्य प्राप्त व्यक्ति हुनुभयो र "गौतम वुद्ध" को नामले प्रख्याति पाउनु भयो।

विभिन्न गुण र विशेषताले परिपूर्ण हुनु भएको हुँदा वुद्धलाई "भगवान वुद्ध" को नामले पनि सुशोभित गरिन्छ। संसारमा विचरण गर्ने सवै सत्व, प्राणीहरु प्रति अगाध एवं असीम मैत्री र करुणाका लागि खानी हुनुहुने उहाँलाई "महाकारुणिक" को उपनामले पनि जानिन्छ। यस्तो महाकरुणवान व्यक्तिवाट लोकको हित तथा सुखका लागि अनेक प्रकारका शिक्षाहरु दिनु भएको छ। ती मध्ये एकको वारे यहाँ चर्चा गर्ने जमर्को गरिएको छ।

एकपटक गौतम वुद्ध समक्ष एक वुढी आमैले आफ्नो मनको कुरा राख्नु भयो -"भगवान् ! जीवनको साठीऔं वसन्त पार गरिसकें, बल्ल आज तपाइको सत्संगमा आइयो। तपाइको उपदेशमा मैले धेरै शिक्षाहरु समावेश भएको पाएं। तर मलाई थाहा छैन, ती शिक्षाहरुको सहि अनुकरण गरेर मैले मेरो जीवन सफल वनाउन सकुंला वा नसकुंला अथवा भनुं ती सवैको अनुकरण गरिरहन मेरो जीवन वाँकी छ वा छैन। तसर्थ हे भगवान ! कृपा गरि मलाई तपाइको सवै शिक्षालाई सार संक्षेपमा वुझाई दिनोहोस् ताकी मैले छोटो समयमै आफ्नो जीवनलाई कृतार्थ पार्न सकुं।"

वुढी आमैको स्पष्ट र जिज्ञासायुक्त कुरो सुनेर प्रसन्न हुनुभएका वुद्धले एकदम सरल र सुस्पष्ट भाषामा आमैलाई बुझाउनु भयो - "आमै ! कुनै पनि प्रकारको दुष्कर्म अर्थात पाप कर्म नगर्नु, सुकर्म अर्थात कुशल (पुण्य) कार्य जतिसक्दो गर्नु र आफ्नो चंचल र चपल चित्तलाई सफा र निर्मल राख्नु यही नै वुद्धहरुको शिक्षा हो।"

जुन कार्य गर्दा आफूलाई वा अरुलाई हानी नोक्सानी हुन्छ, दुःख हुन्छ वा दुखी वनाउंछ त्यस्ता कार्यहरुलाई दुष्कर्म वा पापकर्म भनी जानिन्छ। जुन कार्य गर्दा आफूलाई पनि र अरुलाई पनि लाभ हुन्छ, सुख हुन्छ वा सुखी वनाउंछ, त्यस्ता कार्यहरुलाई सुकर्म वा कुशल (पुण्य) कर्म भनी जानिन्छ।

मानिसले तीनवटा माध्यमवाट विभिन्न दुष्कर्म र सुकर्म गर्दछन्। पहिलो शरिरको माध्यमवाट, दोश्रो वचन (वोली) को माध्यमवाट र तेश्रो मन (चित्त) को माध्यमवाट।

**शरीरको माध्यमबाट गरिने दुष्कर्म वा पाप कर्महरु:**

१. प्राणी हिंसा  २. चोरी, ठगी, छलकपट, र
३. व्यभिचार, भ्रष्टाचार, अनाचार र अत्याचार

**बचनको माध्यमबाट गरिने दुष्कर्म वा पापकर्महरु:**

१. झूठो बोल्नु  २. चुगली गर्नु  ३. कडा वचन बोल्नु र  ४. निष्प्रयोजन (बकवास) कुरा गर्नु।

**मनको माध्यमबाट गरिने दुष्कर्म वा पापहरु:**

१. लोभ गर्नु  २. रिस (द्वेष) गर्नु र
३. अन्धविस्वास (मिथ्यादृष्टि) मा पर्नु।

माथि उल्लेखित सवै प्रकारका कार्य नगर्नु नै

सुकर्म वा कुशल (पुण्य) कर्म हुन् ।

त्यसैगरी **दशवटा पुण्य कर्महरु पनि उल्लेख गरिएका छन् :-**

१. दान दिनु (दान)
२. राम्रो आचरण गर्नु (शील)
३. ध्यान भावना गर्नु (भावना)
४. मान्यजनलाई मान सम्मान गर्नु (अपचापन)
५. मान्यजनको सेवा सत्कार गर्नु (वेय्यावच्च)
६. पुण्यदान दिनु (पत्तिदान)
७. अरुले दान गरेको पुण्य सहर्ष अनुमोदन गर्नु (पत्तानुमोदन)
८. धर्मको उपदेश सुन्नु (धर्म श्रवण)
९. धर्मको उपदेश दिनु (धर्म देशना)
१०. अन्धविश्वासबाट बच्नु (दृष्टिजु कर्म)

अलि गहिरिएर हेर्दा थाहा पाउँछौं शरीरबाट र वचनबाट गरिने सुकर्म वा दुष्कर्महरुमा सबैभन्दा पहिलो भूमिका मनले नै निर्वाह गरेको हुन्छ । मनमा नउब्जिकन, मनले नसोचिकन, विचार नगरिकन कुनैपनि कार्य संचालन हुँदैन । तापनि मनको निर्देशन अनुसार शरीर र वचनले कार्य सम्पादन गरिने हुँदा विभिन्न तिनवटा माध्यमलाई छुट्याइएको हो । तसर्थ बुद्धको माथिको शिक्षामा सबैभन्दा पछाडी मनलाई सफा र निर्मल राख्नमा जोड दिइएको छ, कारण मननै सबै कार्यका सम्पादनकर्ता हुन् ।

